सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा
सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) को व्यवस्था अनुसार
स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेश, बुटवलबाट
स्वतः प्रकाशन

# आ.व २०८१/८२ को चौथो त्रैमासिक विवरण

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य तालिम केन्द्र
बुटवल

२०८२ श्रावण

# बिषयसूची


१. तालिम केन्द्रको स्वरुप र प्रकृति........................................................... १

२. तालिम केन्द्रको काम, कर्तव्य र अधिकार ................................................ १

३. तालिम केन्द्रको संगठन संरचना र दरवन्दी विवरण ........................................ २

४. तालिम केन्द्रमा कार्यरत कर्मचारी विवरण र जिम्मेवारी...................................... ३

५. तालिम केन्द्रबाट प्रदान गरिने सेवा............................................................ ३

६. तालिम केन्द्रको शाखागत कार्यविवरण ........................................................४

७. तालिम केन्द्रबाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि........................................५

८. निर्णय गर्ने प्रक्रिया र अधिकारी ..................................................................५

९. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण ................................................ ६

१०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची.................................................. ६

११. तालिम केन्द्रले आ.व २०८१/८२ मा सञ्चालन गरेका तालिमहरुको विवरण............................ ७

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण...................................... १२

१३. अन्य विवरण .........................................................................१३

## १. तालिम केन्द्रको स्वरुप र प्रकृति

लुम्बिनी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत रही प्रदेश भित्रका स्वास्थ्य सम्बन्धी सम्पूर्ण तालिमहरुको संयोजन, सञ्चालन र व्यवस्थापन गर्ने प्रमुख निकायको रुपमा वि.स २०७५ सालमा स्वास्थ्य तालिम केन्द्र, लुम्बिनी प्रदेशको स्थापना भएको हो। प्रदेश भित्रका स्वास्थ्य सेवासंग सम्बन्धित सरकारी, सामुदायिक, राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैरसरकारी र निजी संघ संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सम्बन्धी तालिम कार्यक्रमहरुमा एकरुपता, पारदर्शीता, मितव्यिता कायम गर्न, तालिमलाई एकीकृत, समन्वयात्मक र गुणस्तरीय बनाउन, मानवश्रोतको विकास, जनशक्तिको लगत र परिचालन व्यवस्थित गर्न, स्वास्थ्य सम्बन्धी तालिमहरुको नियमन, प्रमाणिकरण (Certification) र प्रत्यायन (Accreditation) गर्न तथा स्वास्थ्यकर्मीहरुको ज्ञान र सीप विकास तथा क्षमता अभिवृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उदेश्यले तालिम केन्द्रको स्थापना गरिएको हो।

**भावी सोच**

- स्वस्थ तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिकका लागि दक्ष स्वास्थ्यकर्मीहरुको उत्पादन गर्ने।

## २. तालिम केन्द्रको काम, कर्तव्य र अधिकार

यस तालिम केन्द्रका प्रमुख काम, कर्तव्य र अधिकार देहायबमोजिम छन्:

क. प्रदेश भित्रका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धि गरि स्वास्थ्य सेवालाई गुणस्तरीय, पहुँचयोग्य र प्रभावकारी बनाउन विभिन्न किसिमका क्लिनिकल तथा ननक्लिनिकल तालिम प्रदान गर्ने।

ख. स्थानीय तहसंग सहकार्य गरी स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई सहभागी गराई तालिम कार्यक्रम सञ्चालन गर्ने, गराउने।

ग. अन्य सरकारी निकाय, विकास साझेदार वा संघसंस्थाले तालिम केन्द्रलाई तालिम सञ्चालन गर्न अनुरोध गरेमा प्रचलित मापदण्डको आधारमा अनुमति प्रदान गर्ने वा तालिम सञ्चालन गर्ने, गराउने

घ. प्रदेश भित्र सञ्चालन हुने स्वास्थ्य सम्बन्धी तालिमहरुको पाठ्यक्रम तथा तालिम सामग्री तयार गर्ने।

ङ. प्रदेशभित्र स्वास्थ्य सम्बन्धी तालिमहरुको तालिम आवश्यकता पहिचान तथा निर्धारण गरी प्रदेशको आवश्यकता अनुसार तालिम सञ्चालन गर्ने।

च. तालिमका प्रशिक्षक तथा तालिमस्थलहरुको सूची (रोष्टर) तयार गर्ने।

छ. तालिमका सहभागीहरुको छनोटका विधि, प्रक्रिया र मापदण्ड निर्धारण गरी सहभागी मनोनयन र सहभागिता सुनिश्चित गर्ने।


ज. स्वास्थ्य सम्बन्धी तालिमहरुको प्रमाणिकरण (Certification ) तथा तालिम स्थलहरुको प्रत्यायन (Accreditation) गर्ने।

झ. प्रदेश भित्र सञ्चालन हुने स्वास्थ्य तालिमहरुको अभिलेखन गर्ने। तालिम अभिलेखन, सूचना व्यवस्थापन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउनको लागि तालिम सूचना व्यवस्थापन प्रणाली विकास गरी कार्यान्वयन गर्ने।

ञ. स्वास्थ्य तालिमसंग सम्बन्धित सम्पुर्ण तथ्यलाई व्यवस्थित गर्ने र आवश्यकता अनुसार प्रकाशित गर्ने।

ट. प्रचलित कानून, मापदण्ड, निर्देशिका तथा कार्यविधिमा तोकिएका अन्य कामहरु गर्ने/गराउने।

# ३. तालिम केन्द्रको संगठन संरचना र दरवन्दी विवरण




## दरवन्दी विवरण

| क.स | सेवा | समूह/उपसमूह | तह | पद | जम्मा दरवन्दी | पद पूर्ति | रिक्त | कैपियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | स्वास्थ्य | हे.ए | एघारौ | निर्देशक | १ | ० | १ | |
| २. | स्वास्थ्य | हे.ए | नवौ/दशौ | बरिष्ठ/स्वास्थ्य शिक्षा प्रशासक | १ | १ | ० | |
| ३. | स्वास्थ्य | हे.ए | नवौ/दशौ | बरिष्ठ/ जनस्वास्थ्य प्रशासक | १ | १ | ० | |
| ४. | स्वास्थ्य | हे.ए | सातौ/आठौ | बरिष्ठ/स्वास्थ्य शिक्षा अधिकृत | २ | ० | २ | |
| ५. | स्वास्थ्य | हे.ई | सातौ/आठौ | बरिष्ठ/जनस्वास्थ्य अधिकृत | २ | ० | २ | |
| ६. | स्वास्थ्य | प.हे.न | सातौ/आठौ | बरिष्ठ/कम्युनिटि नर्सिङ अधिकृत | १ | ० | १ | |
| ७. | प्रशासन | लेखा | सातौ/आठौ | लेखा अधिकृत | १ | १ | ० | |
| ८. | प्रशासन | सा.प्र | सातौ/आठौ | शाखा अधिकृत | १ | १ | ० | |
| ९. | स्वास्थ्य | हे.ए | पाँचौ/छैटौं | स्वास्थ्य शिक्षा टेक्निसियन | १ | ० | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. | प्रशासन | सा.प्र | पाँचौ | कार्यालय सहयोगी | २ | २ | ० | १ करार |
| ११. | इन्जिनियरिङ | इ/मे.इ | प्रथम | हलुका सवारी चालक | १ | १ | ० | करार |
| जम्मा दरवन्दी विवरण | | | | | १४ | ७ | ७ | |

## ४. तालिम केन्द्रमा कार्यरत कर्मचारी विवरण र जिम्मेवारी

| क्र.सं. | कर्मचारीको नाम | क.सं.नं. | तह/श्रेणी | पद | स्थायी/करार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १. | श्री भुवन कुवर | १७८३५९ | नवौ | स्वास्थ्य शिक्षा प्रशासक | स्थायी | नि. निर्देशक (कार्यालय प्रमुख) |
| २. | श्री शिव सार्की | २१८८९१ | नवौ | जनस्वास्थ्य प्रशासक | स्थायी | तालिम शाखा प्रमुख |
| ३. | श्री उमादेवी थापा | १८५२४३ | नवौ | जनस्वास्थ्य प्रशासक | स्थायी | काज |
| ४. | श्री बिद्या खत्री | २१९५७९ | आठौ | बरिष्ठ नर्सिङ्ग अधिकृत | स्थायी | तालिम शाखा |
| ५. | श्री सावित्रा पाण्डे | १९९२२६ | आठौ | बरिष्ठ लेखा अधिकृत | स्थायी | आर्थिक प्रशासन |
| ६. | श्री कृष्ण प्रसाद पराजुली | २०८५६० | आठौ | बरिष्ठ शाखा अधिकृत | स्थायी | प्रशासन |
| ७. | श्री शीतल भण्डारी | | सातौ | जनस्वास्थ्य अधिकृत | छात्रवृत्ति करार | तालिम |
| ८. | ईरिना खत्री | | सातौ | जनस्वास्थ्य अधिकृत | छात्रवृत्ति करार | तालिम |
| ९. | महालक्ष्मी ढुंगाना | | सातौ | जनस्वास्थ्य अधिकृत | छात्रवृत्ति करार | तालिम |
| १०. | श्री सविता ज्ञवाली | २५४५२८ | पाँचौ | स्टाफ नर्स | स्थायी/ कामकाज | तालिम |
| ११. | श्री नविन खड्का | | | आइटि असिस्टेन्ट | NSI को सहयोगमा करार | तालिम तथा प्रशासन |
| १२. | श्री लगन प्रसाद थारु | १७२२५० | पाचौ | कार्यालय सहयोगी | स्थायी | प्रशासन |
| १३. | श्री शैलेन्द्र कुमार थापा | | प्रथम | हलुका सवारी चालक | करार | प्रशासन |
| १४. | श्री हुम बहादुर खडका | | प्रथम | कार्यालय सहयोगी | करार | प्रशासन |

## ५. तालिम केन्द्रबाट प्रदान गरिने सेवा

क. प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तरगतका निकायहरुमा कार्यरत चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरुको ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धि गरि स्वास्थ्य सेवालाई गुणस्तरीय, पहुँचयोग्य र प्रभावकारी बनाउन विभिन्न किसिमका क्लिनिकल तथा ननक्लिनिकल तालिम सेवा प्रदान गर्ने।

ख. तालिम प्रशिक्षार्थीहरुलाई तालिममा दोहोरो नपर्ने गरी TIMS (Training Management Information System) मा अभिलेख गरी प्रमाणिकरण (Certified) गर्ने।

ग. तालिमका सहभागी मनोनयन र सहभागीता सुनिश्चित गर्ने।

घ. स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि स्थानीय तहको मागको आधारमा क्लिनिकल तथा ननक्लिनिकल तालिम प्रदान गरी प्रमाणिकरण (Certified) गर्ने।

ङ. सरकारी निकाय, विकास साझेदार वा अन्य कुनै संघसंस्थाले तोकिएका व्यक्तिहरुलाई तालिम प्रदान गर्न अनुरोध गरेमा तालिमको व्यवस्था मिलाउने, प्रमाणिकरण (Certified) गर्ने र तालिम प्रत्यायन (Accreditation) गर्ने।

च. दैनिक आर्थिक तथा प्रशासनिक सेवा प्रदान गर्ने।

## ६. तालिम केन्द्रको शाखागत कार्यविवरण

क. **तालिम विकास, अनुगमन तथा समन्वय शाखा**

१. प्रदेश तथा स्थानीय स्तरमा स्वास्थ्यसँग प्रत्यक्ष तथा परोक्ष सम्बन्ध राख्ने वार्षिक तालिम कार्यक्रमको योजना, नीति तथा रणनीति निर्माणमा आवश्यक पैरवी, समन्वय र सहयोग गर्ने।

२. स्वास्थ्य तालिम केन्द्रको वार्षिक प्रतिवेदन निर्माण र प्रकाशन गर्ने।

३. संघिय, प्रादेशिक तथा स्थानीय स्तरका तालिम कार्यक्रमहरूको सुपरिवेक्षण, अनुगमन तथा कार्यप्रगतिको समीक्षा गर्ने।

४. राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मापदण्ड बमोजिम तालिम सामग्री उत्पादन गर्ने।

५. अन्य प्रादेशिक कार्यालयहरुसंगको समन्वयमा योजना तर्जुमा, भावि कार्यदिशा तथा कार्यक्रम आदिका बारेमा समीक्षा तथा छलफल गर्ने।

६. स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागलाई प्रदेशस्तरमा भएका तालिम गतिविधिहरुको जानकारी गराउने।

७. विकास साझेदार संघ संस्थाहरुसंग आबश्यक समन्वय र सहजीकरणमा तालिम संचालन गर्ने गराउने।

**ख. तालिम शाखा**

१. प्रदेशलाई आबश्यक पर्ने बिशेष किसिमका तालिमहरुको पाठ्यक्रम विकास गर्ने।

२. स्वास्थ्य सम्बन्धि नयाँ तालिम कार्यक्रमहरुको पाईलट परिक्षण तथा कार्यगत अनुसन्धान गर्ने।

३. कार्यक्रमहरुको तुलनात्मक विश्लेषण गरी मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता ल्याउनको लागि आवश्यक पृष्ठपोषण दिने।

४. स्वास्थ्य सम्बन्धि नयाँ बिषयबस्तुहरुमा पाठ्यक्रम विकास गर्ने तथा समय अनुसार परिमार्जन गर्ने।

५. आबश्यकता पहिचान गरि तालिम कार्यक्रमहरु संचालन गर्ने।

ग. **प्रशासन शाखा**

१. आन्तरिक प्रशासन, कार्यालय व्यवस्थापन, सरसफाइका लागि आवश्यक भौतिक व्यवस्था गर्ने।

२. आन्तरिक कर्मचारी प्रशासन, आन्तरिक कार्य विभाजन, हाजिरी, बिदा, रमाना, पालो पहरा, खटनपटनको व्यवस्थापन गर्ने।

३. कार्यालय भवन, परिसर, सवारी साधनहरुको मर्मतसंभार तथा व्यवस्थापन गर्ने।

४. तालिम केन्द्रको आन्तरिक जिन्सी सामानको आपूर्ति तथा व्यवस्था, जिम्मा तथा रेखदेख, संभार, संरक्षण, निरिक्षण तथा प्रतिवेदन सम्बन्धि कार्यहरु गर्ने।

५. आवश्यक जनशक्तिको दरवन्दी सिर्जना, नियुक्ति, सरुवा, पदस्थापना तथा बढुवा सम्बन्धि कार्य गर्ने।

६. लामो अवधिका बिदा तथा कारवाहीहरुको अभिलेख राख्ने।

७. कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक गर्ने।

८. आर्थिक योजना तथा संघिय आर्थिक प्रशासन नीति अनुसार कार्य गर्ने।

९. वित्तिय नीति तर्जुमा बजेट, मन्त्रालयको केन्द्रीय स्तरको लेखा अन्तर्गत वार्षिक कार्यक्रमका लागि बिनियोजन भएको रकम बाडँफाडँ सम्बन्धि कार्यहरु गर्ने, गराउने।

१०. विनियोजित बजेटको निकासा, खर्च, लेखाङकन तथा प्रतिवेदन र लेखापरिक्षण सम्बन्धी कार्यहरु गर्ने र गराउने।

११. योजना तथा कार्यक्रम तर्जुमा, बजेट कार्यान्वयन, लेखापरिक्षण तथा बेरुजु फछ्र्यौट, आर्थिक अनुशासन पालना सम्बन्धी कार्य गर्ने।

१२. आन्तरिक बजेट सञ्चालन गर्ने ।

१३. केन्द्रीय लेखा, लेखाप्रणली तथा आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन गर्ने ।

१४. प्रदेश सरकारको आर्थिक प्रशासन र वित्तिय व्यवस्थापन सम्बन्धी विषयका कार्य गर्ने ।

## ७. तालिम केन्द्रबाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- संघ, संस्था, साझेदार निकाय, स्थानीय तह र अन्य सरकारी निकायको अनुरोधमा तोकिएका सहभागीहरुलाई यस तालिम केन्द्रबाट तालिम सञ्चालन गर्दा तोकिएबमोजिम शुल्क लाग्छ।
- यस तालिम केन्द्रबाट प्रदान गरिएको तालिम प्रमाणपत्र हराई पुनः तालिम प्रमाणपत्र उपलब्ध गराउन कुनै सहभागीले निवेदन दिएमा तोकिएबमोजिमको शुल्क लाग्छ।
- सूचनाको हक उपलब्ध गराउँदा सूचनाको हक सम्बन्धी प्रचलित कानून बमोजिम शुल्क लाग्छ।
- यस तालिम केन्द्रबाट प्रदान गरिने अन्य सम्पूर्ण सेवाहरु निशुल्क रुपमा उपलब्ध हुन्छन्।

## ८. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस तालिम केन्द्रबाट गरिने निर्णयहरु प्रचलित नेपाल कानून तथा प्रदेश कानून बमोजिम हुन्छन्। प्रदेश सरकार मन्त्रीपरिषद्का निर्णयहरु, विभागीय मन्त्रालय तथा मन्त्रीस्तरीय निर्णय तथा मार्गदशर्न, विभिन्न कार्यदल, समितिहरु निर्णय प्रक्रियाका आधारहरु हुन्। दैनिक प्रशासनिक कामकारबाहीहरु टिप्पणी मार्फत

हुन्छन्। निर्णय प्रक्रियालाई सहभागीतामुलक बनाउन कतिपय निर्णयहरु कर्मचारी बैठकमार्फत पनि गर्ने गरिन्छ।

## ९. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण

तालिम केन्द्रका प्रमुख र सूचना अधिकारीको विवरण देहायबमोजिम छः

| विवरण | कार्यालय प्रमुख | सूचना अधिकारी |
|---|---|---|
| नामथर | श्री भुवन कुवर | श्री कृष्ण प्रसाद पराजुली |
| पद | स्वास्थ्य शिक्षा प्रशासक (निमित्त निर्देशक) | बरिष्ठ शाखा अधिकृत |
| तह | नवौ तह | आठौ तह |
| सम्पर्क नं | ९८५७०५४२३१ | ९८५७०५४५३१ |
| इमेल | htc@lumbini.gov.np/ bhbankunwar2074@gmail.com | htc@lumbini.gov.np/ krishnaparajuli57@gmail.com |

## १०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

यस तालिम केन्द्रसँग सम्बन्धित विभिन्न कानूनहरुको विवरण देहायबमोजिम रहेको छः

- सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली,२०७७
- प्रदेश निजामती सेवा ऐन,२०८० र नियमावली २०८०
- नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ तथा नियमावली,२०५५
- सूचनाको हक सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४
- भ्रमण खर्च नियमावली,२०६४
- स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका,२०७५ (संघीय)
- प्रदेश स्वास्थ्य तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७७
- सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ (प्रदेश) लगायतका अन्य प्रचलित कानूनहरु।

# ११. तालिम केन्द्रले आ.व २०८१/८२ मा सञ्चालन गरेका तालिमहरुको विवरण

## क. प्रदेश सरकारको बजेट मार्फत सम्पन्न तालिमहरु

| क्र.स | तालिमको नाम | ब्याच | सहभागी सङ्ख्या | तालिम अवधि (दिन) | तालिम साइट | तालिम व्यवस्थापक |
|---|---|---|---|---|---|---|
| १. | RoUSG तालिम | २ | ११ | २१ | आम्दा अस्पताल, झापा | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| २. | दक्ष प्रसुती सेवा तालिम (चिकित्सक तथा अ.न.मी.लाई) | २ | २० | २ महिना | लुम्बिनी प्रादेशिक अस्पताल/भेरी अस्पताल ,बाँके | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| ३. | मानसिक स्वास्थ्य सम्बन्धि २A तालिम (Module २A) | १ | १८ | ५ | बुटवल/ offsite | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| ४. | मानसिक स्वास्थ्य सम्बन्धि २B तालिम (Module २B) | १ | १७ | ५ | बुटवल/ offsite | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| ५. | नर्सिङ कर्मचारीहरुको लागि हेमोडाइलासिस तालिम | १ | ९ | ३ महिना | शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र,भक्तपुर | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| ६. | ASRH तालिम | १ | १६ | ५ | भेरी अस्पताल,बाँके | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| ७. | मिनील्याप तालिम | १ | ४ | १२ | जनकपुर अस्पताल,धनुषा | बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नेत्रलाल अर्याल |
| ८. | औषधिद्वारा गरिने सुरक्षित गर्भपतन (MA) | ६ | ३० | ५ | लुम्बिनी प्रादेशिक अस्पताल र परिवार नियोजन संघ बुटवल | स्टाफ नर्स सविता ज्ञवाली |
| ९. | आयुर्वेद स्वास्थ्यकर्मीहरुलाई लागि बालरोग क्षमता अभिबृदी सम्बन्धि तालिम | १ | १६ | ३ | लुम्बिनी आयुर्वेद चिकित्सालय,बुटवल | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | कुष्ठरोग आधारभूत तालिम | १ | २३ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| ११. | एम्बुलेन्स ड्राइभर तालिम | १ | १६ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| १२. | PEN ToT तालिम | १ | १२ | ५ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| १३. | CBIMNCI ToT | १ | १७ | ६ | भेरी अस्पताल, बाँके | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| १४. | ASRH ToT | १ | ११ | ५ | बुटवल/ offsite | शीजनस्वास्थ्य अधिकृत तल भण्डारी |
| १५. | GTS तालिम | १ | २० | ५ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| १६. | Visual inspection with acetic acid (VIA, 1st tier) | ३ | ४६ | ३ | offsite | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| १७. | Paediatric Essential Critical care training (PECCT) | १ | १६ | ४ | offsite | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| १८. | Operation Theatre Technique and Management (OTTM) | २ | १५ | ४२ | भरतपुर अस्पताल चितवन, आम्दा अस्पताल झापा | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| १९. | चिकित्सक तथा नर्सिङ कर्मचारीहरुका लागी CAC (MVA) सम्बन्धी तालिम (नर्सको लागि) | १ | १० | १० | लुम्बिनी प्रादेशिक अस्पताल | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| २०. | सर्पदंश व्यवस्थापन तालिम | २ | ४९ | ३ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| २१. | आयुर्वेद स्वास्थ्यकर्मीहरुको लागि नागरिक आरोग्य कार्यक्रम अभिमुखिकरण तथा तालिम | २ | ३२ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत ईरिना खत्री |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२. | यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम | १ | ११ | ५ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत ईरिना खत्री |

श्रोतः तालिम शाखा

## ख. संघीय शशर्त तालिमहरु

| क्र.स | तालिमको नाम | ब्याच | सहभागी सङ्ख्या | तालिम अवधि (दिन) | तालिम साइट | तालिम व्यवस्थापक |
|---|---|---|---|---|---|---|
| १. | परिवार नियोजन र किशोरकिशोरी स्वास्थ्य सेवा (implant +2 IUCD) | ५ | १९ | ८ | परिवार नियोजन संघ बुटवल,दाङ्ग र भरतपुर | स्टाफ नर्स सबिता ज्ञवाली |
| २. | मेडिकल अधिकृतहरुलाई मेडिको लिगल तालिम | १ | १७ | १७ | त्रि.वि.शिक्षण अस्पताल,काठमाडौं | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| ३. | आँखा,नाक,कान,घाँटी तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार बारे प्रशिक्षक प्रशिक्षण तालिम | १ | १८ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| ४. | स्वास्थ्यकर्मीहरुका लागि कुष्ठरोग सम्बन्धि तालिम | १ | १७ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| ५. | सेवा प्रदयाकहरुलाई सी. एम. टि. तालिम | १ | १९ | ६ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत शीतल भण्डारी |
| ६. | Advanced Skilled Birth Attendant (ASBA) | १ | ४ | ७० | प्रदेश अस्पताल सुर्खेत | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| ७. | पाठेघरको मुखको क्यान्सरको स्क्रीनिङ तथा व्यवस्थापन (CCSP, VIA 2nd tier) | २ | Camp सञ्चालन | ६ | Offsite, camp संचालन सियारी गाउँपालिका | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| ८. | Comprehensive Newborn Care Training (CNBC Level II for nurses) | १ | १० | १४ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | MNH mentor development training | १ | ९ | ७ | भेरी अस्पताल, बाँके | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| १०. | ROUSG | १ | ४ | २१ | धौलागिरी प्रादेशिक अस्पताल, बागलुङ | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| ११. | Safe Abortion Services (1st trimester for doctors) | १ | ८ | १४ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री |
| १२. | पोषण कार्यक्रम (स्तनपान परामर्शकर्ताहरुका लागी प्रशिक्षक प्रशिक्षण तालिम) | १ | १९ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| १३. | ART सेवा प्रदायकहरुलाई लजिस्टिक (HMIS/eLMIS) क्षमता अभिबृद्धि तालिम | १ | १२ | ३ | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| १४. | नसर्ने रोग सम्बन्धि पेन तथा मानसिक स्वास्थ्य सम्बन्धी mhGAP तालिम | ३ | ६३ | पेन तालिम-४ दिन mhGAP 2A, 2B-५ दिन | बुटवल/ offsite | जनस्वास्थ्य अधिकृत ईरिना खत्री |
| १५. | स्थानीय तहमा कार्यरत मानोसामाजिक परामर्शकर्ताको लागि ६ महिने मोडुलर तालिम | २ | ३७ | मोडुल १-१० दिन | भैरहवा/offsite | जनस्वास्थ्य अधिकृत ईरिना खत्री |
| १६. | स्थानीय तहमा कार्यरत मनोसामाजिक परामर्शकर्ताको लागि पुनर्ताजगी तालीम | १ | २३ | ५ | भैरहवा/offsite | जनस्वास्थ्य अधिकृत ईरिना खत्री |

श्रोतः तालिम शाखा

## ग. स्थानीय तहको खर्च र तालिम केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न तालिमहरु

| क्र.स | तालिमको नाम | ब्याच | सहभागी सङ्ख्या | तालिम अवधि (दिन) | तालिम साइट | तालिम आयोजक स्थानीय तह | तालिम व्यवस्थापक |
|---|---|---|---|---|---|---|---|
| १. | Implant | १४ | ५६(प्रत्येक ब्याच ४ जना) | ८ | परिवार नियोजन संघ बुटवल र लुम्बिनी प्रादेशिक अस्पताल | चन्द्रकोट गा.पा, गुल्मीदरवार गा.पा, कालिगण्डकी गा.पा, सत्यवती गा.पा, मदाने गा.पा, इस्मा गा.पा , कृष्णनगर न.पा , शुद्वोधन गा.पा,धर्कोट गा.पा, रेसुङ्गा न.पा,मालिका गा.पा महाराजगंज न.पा, वाणगंगा न.पा, छत्रकोट गा.पा | बरिष्ठ नर्सिङ्ग अधिकृत विद्या खत्री, जनस्वास्थ्य अधिकृत शीतल भण्डारी र स्टाफ नर्स सविता ज्ञवाली |

श्रोतः तालिम शाखा

**घ. विभिन्न संघ संस्थाको आयोजना र तालिम केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न तालिमहरु**

| क्र.स | तालिमको नाम | ब्याच | सहभागी सङ्ख्या | तालिम अवधि (दिन) | तालिम साइट | सहयोग गर्ने संस्था | तालिम व्यवस्थापक |
|---|---|---|---|---|---|---|---|
| १. | Implant | १ | ४ | ८ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | (IPAS)Safe motherhood network federation | स्टाफ नर्स सविता ज्ञवाली |
| २. | औषधिद्वारा गरिने सुरक्षित गर्भपतन (MA) | १ | ४ | ५ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | (IPAS)Safe motherhood network federation | स्टाफ नर्स सविता ज्ञवाली |
| ३. | MISP Training | १ | २५ | ४ | बुटवल/ offsite | KIDS Kapilbastu | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| ४. | GBV (Blended Learning Training) | १ | १२ | ४ | बुटवल/ offsite | HUREC Nepal | जनस्वास्थ्य अधिकृत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | महालक्ष्मी ढुंगाना |
| ५. | ASRH Training | १ | २० | ५ | भैरहवा/offsite | HUREC Nepal | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| ६. | NTD Training | १ | २४ | ३ | दाङ/offsite | FAIRMED Foundation | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| ७. | IUCD Training | १ | ४ | ८ | भेरी अस्पताल, बाँके | KIDS Kapilbastu | जनस्वास्थ्य अधिकृत महालक्ष्मी ढुंगाना |
| ८. | मानसिक स्वास्थ्य सम्बन्धि mhGAP 2B तालिम | १ | २४ | ५ | बुटवल/ offsite | दलित सामाजिक विकास केन्द्र, कपिलवस्तु | जनस्वास्थ्य अधिकृत ईरिना खत्री |

श्रोतः तालिम शाखा

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

यस तालिम केन्द्रको लागि आ.व २०८१/८२ को बार्षिक विनियोजन बजेट र खर्चको विवरण देहायबमोजिम रहेको छः

| बजेट शिर्षक | विनियोजन (रुपैंयामा) | खर्च रकम (रुपैंयामा) | खर्च प्रतिशत |
|---|---|---|---|
| पुँजीगत | ३,००,००० | २,९३,३८८ | ९७.७९ |
| चालु (प्रशासनिक) | १,४२,१२००० | ८९,८५,९३८.६६ | ६३.२२ |
| कार्यक्रम (तालिम- प्रदेश) | १,९०,००,००० | १,२०,७४,७९३.४९ | ६३.५५ |
| कार्यक्रम (तालिम-संघ) | १,९४,५७,००० | १,१५,५३,४२८.२० | ५९.३७ |

श्रोतः आर्थिक प्रशासन शाखा

## १३. अन्य विवरण

### क. कार्यालयको बेबसाईट

स्वास्थ्य तालिम केन्द्रको आफ्नै वेवसाईट नियमित रुपमा सञ्चालनमा रहेको छ। सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान बुटवलबाट निर्माण गरिएको बेबसाइट htc.lumbini.gov.np डोमेनमा सञ्चालनमा रहेको छ। बेबसाईट नियमित रुपमा अध्यावधिक गर्ने गरिएको छ।

### ख. तालिम केन्द्रका तालिम साइटहरुको सूची

स्वास्थ्य तालिम केन्द्रबाट सञ्चालन हुने क्लिनिकल तालिमहरु आवश्यकता अनुसार देहायबमोजिमका तालिम साइटहरुमा सञ्चालन हुने गर्छन्।

**क्लिनिकल तालिम साइटहरुको सूची**

| Name of Training Sites | Name of Training conducting |
|---|---|
| 1.Mechi Zonal Hospital | MLP |
| 2.Amda Damak | SBA,MLP,AAC,OTTM |
| 3.BPKIHS | Obstetric Fistula, Pediatric Nursing, CNC for Nurses, Cervical Cancer Screening and Prevention |
| 4.Koshi Zonal Hospital (KZH) | FP**,SAS,SBA,ASRH,GBV |
| 5.FPAN Itahari Branch | SAS,FP (LARC) |
| 6.FPAN Jhapa | FP (LARC) |
| 7.Mission Hospital Okhaldhunga | MLP |
| 8.Sagarmatha Zonal Hospital | SBA |
| 9.Janakpur Zonal Hospital | FP,SBA |
| 10.FPAN Janakpur Branch | FP(All types of FP training) |
| 11.Narayani sub–Regional Hospital | SBA |
| 12.Hetauda Hospital | MLP |
| 13.Bharatpur Hospital | MLP,SBA,ASBA,AAC,SAS(MA),SAS(MVA), GBV, OTTM |
| 14.FPAN Bharatpur Branch | FP |
| 15.NAMS,Bir hospital | AAC |
| 16.Kathmandu Medical Collage, Sinamangal | SAS 2ndTrimester |
| 17.Kathmandu Model Hospital | SAS(MVA),SAS(MA),SAS(2ndtrimester) |
| 18.Paropakar Maternity and Women's Hospital (PMWH) | Comprehensive RH Training*, ASBA, AAC, CNC for Nurses |
| 19.Tribhuwan University and Teaching Hospital(TUTH) | OTTM,SBA,FP |
| 20.Dhulikhel Hospital | SBA |
| 21.Kanti Children Hospital | Pediatric Nursing |
| 22.Chhetrapati Family Welfare Center (CFWC) | FP |
| 23.FPAN Central clinic | FP |
| 24.MSIClinic,Satdobato, Lalitpur | FP,SAS |
| 25.FP Institutional Clinic, Lalitpur | FP (LARC) |
| 26.Pokhara Academy of Medical Science | Comprehensive RHT raining* |
| 27.Dhaulagiri Zonal Hospital, Baglung | SBA,MLP |
| 28.Lamjung Community Hospital | SBA,MLP |

| | |
|---|---|
| 29.Lumbini Zonal Hospital | SBA,SAS |
| 30.Bhim Hospital Bhairahawa | SBA |
| 31.AMDA Hospital Butwal | SBA,OTTM |
| 32.FPAN Butwal Branch | FP (LARC) |
| 33. FPAN Dang | FP (LARC) |
| 34.Bheri Zonal Hospital | Comprehensive RH Training*,Pediatric Nursing |
| 35.Mid-Western Regional Hospital, Surkhet | SBA |
| 36.Seti Zonal Hospital | Comprehensive RH Training*,ASBA, MLP |
| 37.Naya Hospital Bayalpata Achham | MLP |
| 38.Achham District Hospital | SAS(MA) |
| 39.Mahakali Zonal Hospital | SBA |
| 40.FPAN Mahendranagar | FP (LARC) |
| 41.FPAN Kanchanpur Branch | FP (LARC) |

Note:*Comprehensive RHTraining means all RH related training sare conducted which includes FP, SBA, ASRH, SAS, GBV, CACX screening, POP.

**FP training site means conducts all FP related training.

श्रोतः स्वास्थ्य तालिम व्यवस्थापन निर्देशिका,२०७५

## ग. नागरिक बडापत्र

यस तालिम केन्द्रको नागरिक बडापत्र देहायबमोजिम रहेको छ।

**नागरिक वडापत्र**

| क्र.सं | प्रदान गरिने कार्य/सेवाको विवरण | प्रकृया | लाग्ने दस्तुर | आवश्यक कागजात | लाग्ने समय | जिम्मेवार पदाधिकारी | उजुरी सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | दैनिक प्रशासनिक तथा आर्थिक कार्यहरु | नेपाल सरकार/प्रदेश सरकारले तोकेको प्रशासनिक तथा आर्थिक कार्य विधि अनुसार | निशुल्क | कार्य प्रकृति अनुसार आवश्यक सक्कल वा प्रतिलिपि कागजात | कार्य प्रकृति अनुसार | शाखा अधिकृत/लेखा अधिकृत | निर्देशक | |
| २. | स्वास्थ्य सम्बन्धी तालिम सामाग्री विकास परिमार्जन र अध्यावधिक तथा मापदण्ड एवं गुणस्तर निर्धारण तथा सिफारिस | तालिम संचालन तथा व्यवस्थापन निर्देशिका/कार्यविधि बमोजिम | निशुल्क | नियमानुसार आवश्यक पर्ने कागजात | कार्य प्रकृति अनुसार | तालिम शाखा | निर्देशक | |
| ३. | विभिन्न किसिमका स्वास्थ्य सम्बन्धि तालिमका कार्यक्रम संचालन तथा व्यवस्थापन | तालिम संचालन तथा व्यवस्थापन निर्देशिका/कार्यविधि बमोजिम | निशुल्क | वार्षिक कार्ययोजना तथा माग भई आए बमोजिम | कार्य प्रकृति अनुसार | तालिम शाखा | निर्देशक | |
| ४. | तालिम साईट तथा तालिम प्रमाणीकरण गुणस्तर तथा नियमन | तालिम साईट तथा तालिम प्रमाणीकरण गुणस्तर तथा नियमनको स्विकृत मापदण्ड अनुसार सिफारिस गर्ने | निशुल्क /तोकिए अनुसार | मापदण्ड र निर्देशिका अनुसार तोकिएका कागजातहरु | कार्य प्रकृति अनुसार | तालिम शाखा | निर्देशक | |